# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र


काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, साउन ११ गते, २०८० साल


## भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८० सालको ऐन नं. ३

# काठमाडौं महानगरपालिकाको सञ्चार, सूचना तथा तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित गर्न बनेको सञ्चार तथा सूचना ऐन, २०८०

**प्रस्तावना** : विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चार र सूचनाको हक प्रत्याभूत गर्दै, सूचना, सञ्चार र तथ्याङ्क अभिलेखन क्षेत्रको सबलीकरण, दिगो व्यवस्थापन, सुरक्षित र विश्वसनीय प्रयोगमार्फत यस क्षेत्रलाई सार्वजनिक सेवाका रूपमा सक्षम बनाई, सुशासन र दिगो विकासको लक्ष्य प्राप्त गर्न, नेपालको संविधानको अनुसूची ८ र ९ मा रहेको अधिकार बाँडफाँडको सूचीमा उल्लेखित सञ्चारसम्बन्धी अधिकारमा पत्रकारिता, प्रकाशन, प्रसारण, पत्रपत्रिका, सूचना, तथ्याङ्क र अभिलेख व्यवस्थापन, नियमन गर्न स्पष्ट कानुनी प्रबन्ध गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित संघीय एवम् प्रादेशिक सूचना तथा सञ्चार, विज्ञापन र तथ्याङ्क ब्यबस्थापन क्षेत्रका कानुनबमोजिम काठमाडौं महानगरमा एकीकृत रूपमा सञ्चार तथा सूचना क्षेत्रको नियमन, व्यवस्थापन, सञ्चालन एवम् तथ्याङ्क सङ्कलन, भण्डारण र वितरणसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, काठमाडौं महानगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **'सञ्चार तथा सूचना ऐन, २०८०'** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) '**इजाजतपत्र**' भन्नाले कुनै संस्थालाई प्रसारण गर्नका लागि यस ऐनबमोजिम दिइने प्रसारण इजाजतपत्र सम्झनुपर्छ ।

(ख) '**इन्टरनेटमा आधारित सञ्चार माध्यम**' भन्नाले इन्टरनेटमार्फत प्रकाशन, प्रसारण, तथा प्रवाह गरिने, पत्रकारिताको सम्पादकीय नीतिबमोजिम सञ्चालित सञ्चारका माध्यम सम्झनुपर्छ र सो शब्दले अनलाइन सञ्चार माध्यमलाई समेत जनाउँछ ।

(ग) '**उपप्रमुख**' भन्नाले काठमाडौँ महानगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(घ) '**कार्यपालिका**' भन्नाले काठमाडौँ महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) '**केबुल टिभी**' भन्नाले कुनै प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण हुने प्रविधिमा आधारित सञ्चार माध्यम सम्झनुपर्छ ।

(च) '**खुला तथ्याङ्क**' भन्नाले कम्प्युटर प्रणालीमार्फत पहुँच प्राप्त हुने आँकडा वा तथ्य वा सूचना वा विवरण वा परिष्कृत गर्न सकिने गरी सार्वजनिक रूपमा उपलब्ध हुने/गराइने प्रारम्भिक, अपरिष्कृत तथ्याङ्क सम्झनुपर्छ र सो शब्दले कम्प्युटर प्रणालीमा हुने डाटालाई समेत जनाउँछ ।

(छ) '**तथ्याङ्क**' भन्नाले आर्थिक, सामाजिक, राजनीतिक, भौतिक, वातावरणीय समेतका विवरण, लगत वा सूचना सम्झनुपर्छ र सो शब्दले त्यस्ता विवरण, लगत र सूचनाको व्यवस्थित सङ्कलन, प्रस्तुतीकरण वा विश्लेषण गरी सिर्जित सङ्ख्यात्मक प्रस्तुतिलाई समेत जनाउँछ ।

(ज) '**तोकिएको वा तोकिएबमोजिम**' भन्नाले यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका र कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(झ) '**नगरपालिका**' भन्नाले स्थानीय तहका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका सम्झनुपर्छ र सो शब्दले गाउँपालिकालाई समेत जनाउँछ ।

(ञ) '**पदाधिकारी**' भन्नाले कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र कार्यपालिकाका सदस्य सम्झनुपर्छ ।

(ट) '**पत्रकार**' भन्नाले सञ्चार माध्यमबाट प्रकाशन, प्रसारणका लागि सामग्री सङ्कलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामरा पर्सन, समाचार वाचक, व्यङ्ग्य चित्रकार, भाषा सम्पादक, कार्यक्रम प्रस्तोता, वेभ डिजाइनर र स्तम्भ लेखकलाई समेत जनाउँछ ।

(ठ) '**पत्रपत्रिका**' भन्नाले छापा वा डिजिटल वा विद्युतीय माध्यमद्वारा प्रकाशन, प्रसारण र प्रवाह हुने पत्रपत्रिका सम्झनुपर्छ ।

(ड) '**प्रतिष्ठान**' भन्नाले दफा २१ बमोजिमको सञ्चार प्रतिष्ठान सम्झनुपर्छ ।

(ढ) '**प्रमुख**' भन्नाले काठमाडौं महानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ण) '**प्रमुख प्रशासकीय अधिकृत**' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम काम गर्न तोकिएको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(त) '**प्रसारक**' भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने समाचार वाचन गर्ने व्यक्ति वा कार्यक्रम चलाउने प्रस्तोता सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने प्रक्रियामा काम गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(थ) '**प्रसारण**' भन्नाले इसारा, ध्वनि, आकृति, तस्विर, चलचित्र वा अन्य यस्तै प्रकारबाट जानकारी आदानप्रदान गराउने सञ्चार सेवा सम्झनुपर्छ ।

(द) ‘**प्रसारण संस्था’** भन्नाले यस ऐनबमोजिम प्रसारण गर्न इजाजतपत्र प्राप्त सङ्गठित संस्था सम्झनुपर्छ सो शब्दले इन्टरनेट वा अन्य विद्युतीय माध्यमबाट प्रसारण गरिने सञ्चार माध्यमलाई समेत जनाउँछ ।

(ध) ‘**बौद्धिक सम्पत्ति**’ भन्नाले कुनै व्यक्ति वा संस्थालाई मानवीय तथा मानवीय प्रयत्नले हुने रचना, सिर्जना वा आविष्कारका लागि प्राप्त हुने कानुनी अधिकार निसृत सम्पत्ति सम्झनुपर्छ र सो शब्दले आविष्कार, पेटेन्ट, साहित्यिक वा कलात्मक सिर्जना, प्रतिलिपि अधिकार, ट्रेडमार्क, डिजाइन, प्रतीक, नाम, छवि, व्यापार रहस्य, भौगोलिक सङ्केत, डोमेन नाम, एकीकृत सर्किट तथा बोटबिरुवाको किसिमसहित अमूर्त सम्पत्तिलाई समेत सम्झनुपर्छ ।

(न) ‘**मन्त्रालय**’ भन्नाले सूचना तथा सञ्चारसँग सम्बन्धित विषय हेर्ने नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र बागमती प्रदेश सरकारको मन्त्रालयलाई सम्झनुपर्छ ।

(प) ‘**महानगरपालिका**’ भन्नाले काठमाडौं महानगरपालिका सम्झनुपर्छ ।

(फ) ‘**रेडियो यन्त्र**’ भन्नाले रेडियो तरङ्गद्वारा श्रव्य-दृश्य, शब्द वा सङ्केत प्राप्त गर्ने वा पठाउने कामका निमित्त प्रयोग गरिने यन्त्रहरू सम्झनुपर्छ र सो शब्दले डिस एन्टेनालगायत सबै प्रकारको स्याटलाइट रिसिभिङ सिष्टमहरू तथा रेडियो ट्रान्समिटरलाई समेत जनाउँछ ।

(ब) ‘**विभाग**’ भन्नाले महानगरपालिकाको सूचना प्रविधि विभागलाई सम्झनुपर्छ । सो शब्दले महानगरपालिकाको सगठन संरचनामा भएका अन्य विभागलाई समेत जनाउँछ ।

(भ) ‘**विज्ञापन**’ भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जाल,

होर्डिङ बोर्ड, बेलुन वा कुनै संरचना लगायतका माध्यमबाट सार्वजनिक रूपमा प्रचारप्रसार गरिएको वा गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, तस्विर, सङ्केत, पोष्टर पर्चा, प्रकाश चिह्न, संरचना वा जुनसकै किसिमको श्रव्य, श्रव्यदृश्य सम्झनुपर्छ ।

(म) '**सभा**' भन्नाले काठमाडौँ महानगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

(य) '**सभा सदस्य**' भन्नाले महानगरपालिकाको नगरसभाका सदस्य सम्झनुपर्छ ।

(र) '**समिति**' भन्नाले दफा ४६ बमोजिमको समिति सम्झनुपर्छ ।

(ल) '**सञ्चार माध्यम**' भन्नाले शिक्षामूलक, जानकारीमूलक तथा मनोरञ्जनात्मक कार्यक्रम सूचना तथा सन्देश, पत्रकारितामार्फत समाचार र समाचारमूलक कार्यक्रम उत्पादन र सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन, प्रसारण र प्रवाह हुने सार्वजनिक, सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित छापा, प्रसारण, अनलाइन, डिजिटल तथा विद्युतीय सञ्चार माध्यम सम्झनुपर्छ ।

(व) '**सञ्चार रजिष्ट्रार**' भन्नाले दफा १८ बमोजिमको सञ्चार रजिष्ट्रार सम्झनुपर्छ ।

(श) '**सञ्चालक**' भन्नाले सञ्चार माध्यम सञ्चालन गर्न इजाजत तथा प्रमाणपत्र प्राप्त व्यक्ति तथा संगठित संस्था सम्झनुपर्छ ।

(ष) '**सम्पादक**' भन्नाले सञ्चार माध्यम सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनुपर्छ ।

(स) ‘**सामाजिक सञ्जाल**’ भन्नाले अनलाइन, इन्टरनेट प्लेटफमका माध्यमबाट व्यक्ति, समुदाय, सगठन वा सञ्जाललाई सञ्चार गर्न, अन्तरक्रिया तथा कुराकानी गर्न, एकआपसमा जोडिन, सूचना तथा जानकारी साझेदारी गर्न र भर्चुअल सामाजिक वातावरणमा सामग्री सिर्जना गर्न, प्रकाशन गर्न, प्रसारण गर्न वा उपभोग गर्न सक्षम र सहज बनाउने माध्यम सम्झनुपर्छ।

(ह) ‘**सार्वजनिक प्रसारण सेवा**’ भन्नाले यस ऐनअन्तर्गत स्थापित र सञ्चालित महानगरपालिकाको प्रसारण संस्थालाई सम्झनुपर्छ।

(क्ष) ‘**सूचना प्रवाह**’ भन्नाले कुनै खास सञ्चार माध्यम वा प्रणालीभित्र वा व्यक्ति, समूह वा संस्थाहरू बिच एक बिन्दुबाट अर्को बिन्दुसम्मको सूचनाको गति वा स्थानान्तरणलाई जनाउँछ। यसले विभिन्न माध्यमबाट मौखिक, लिखित, आवाज, तस्विर, चलचित्र, सङ्केत वा यस्तै प्रकारका जानकारी प्रसार तथा यसको प्रक्रियासमेतलाई सम्झनुपर्छ।

(त्र) ‘**श्रमजीवी पत्रकार**’ भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सञ्चार संस्थामा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, क्यामरा पर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादकसहित पत्रकारिता पेसासँग सम्बन्धित व्यक्तिलाई समेत जनाउँछ।

(ज्ञ) ‘**होर्डिङ बोर्ड**’ भन्नाले विज्ञापन प्रर्दशनका लागि राखिएको वा राखिने साधन सम्झनुपर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड,

नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै प्रविधि वा प्रकारका बाह्य विज्ञापनका साधनलाई समेत जनाउँछ ।

## परिच्छेद-२

## सञ्चार, सूचना र अभिलेख व्यवस्थापन

३. **सञ्चार, सूचना र अभिलेख व्यवस्थापनमा महानगरपालिकाको अधिकार, कर्तव्य र दायित्व :** (१) सञ्चार, सूचना र अभिलेख व्यवस्थापनमा काठमाडौँ महानगरपालिकाको अधिकार, कर्तव्य र दायित्व नेपालको संविधान तथा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम महानगरपालिकाको सञ्चार, सूचना र अभिलेख व्यवस्थापनसम्बन्धी सारभूत अधिकार, कर्तव्य र दायित्व देहायबमोजिम हुनेछ :-

(क) सूचना तथा सञ्चार क्षेत्रको व्यवस्थापन, नियमन र विकासका लागि उपयुक्त कानुनी प्रबन्धमार्फत नेपालको संविधानको प्रस्तावनामा उल्लिखित पूर्ण प्रेस स्वतन्त्रताको मान्यता र नेपालको संविधानको धारा १९ मा उल्लिखित सञ्चारको हक तथा धारा २७ मा उल्लिखित सूचनाको हकलाई सुनिश्चित गर्ने,

(ख) सार्वजनिक जनचासोका विषयहरूमा निष्पक्ष एवम् विश्वसनीय स्थानीय सार्वजनिक सञ्चार माध्यमहरूबाट महानगरवासीहरूलाई सूचना, सन्देश, जानकारीजस्ता सामग्रीबाट सुसूचित गर्ने, शिक्षा प्रदान गर्ने, स्वच्छ मनोरञ्जन प्रदान गर्ने, टेलिभिजन, पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमसहित इन्टरनेटमा आधारित सामाजिक सञ्जालहरू समेतको सञ्चालन, उपयोग र प्रवर्धन गर्ने,

(ग) महानगरपालिका क्षेत्रभित्रका कुनै पनि सञ्चारका माध्यमहरूलाई प्रचलित कानुन विपरीत हुने गरी अवरुद्ध नपारिने,

(घ) प्रेस स्वतन्त्रताको रक्षा, सम्बर्धन र सम्मान गर्नु महानगरको कर्तव्य र दायित्व हुने,

(ङ) सूचनाको हकमाथि आम नागरिकको पहुँच सरल र सहज बनाइने,

(च) सूचना र तथ्याङ्कको अभिलेखलाई चुस्त, अध्यावधिक र प्रविधिमैत्री रूपमा व्यवस्थापन गरी त्यसमाथिको पहुँच सरल र खुला तथ्याङ्कको मूल्य तथा मान्यताअनुकुल बनाइने,

(छ) महानगरीय सभ्यतामा आधारित आम सञ्चारको अभ्यासलाई अनुसन्धान तथा प्रशिक्षण कार्यमार्फत प्रवर्धन गरिने,

(ज) स्थानीय सञ्चारकर्मीहरूको सुरक्षा, पेसागत हकहितको प्रवर्धन र प्रोत्साहन तथा क्षमता विकास गरिने,

(झ) महानगर क्षेत्रभित्र स्वच्छ, मर्यादित, व्यावसायिक तथा बहुलवादी सञ्चारको प्रवर्धन गरिने,

(ञ) खुला, पारदर्शी, जवाफदेही र उत्तरदायी सरकारको मान्यतालाई अवलम्बन गरिनेछ ।

## परिच्छेद-३

## सञ्चार माध्यम व्यवस्थापन

४. **इजाजतपत्र लिनुपर्ने** : (१) यस ऐनबमोजिम प्रसारकले इजाजतपत्र लिएर मात्रै एफएम सञ्चालन र केबुल टेलिभिजन प्रसारण गर्नुपर्नेछ ।

(२) महानगरपालिका क्षेत्रभित्र एफएम रेडियो तथा केवल टेलिभिजन सञ्चालन इजाजतपत्र लिन चाहने व्यक्ति वा सङ्गठित संस्थाले तोकिएबमोजिमको ढाँचा तथा कागजात सम्लग्न गरी महानगरपालिकाको सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनुपर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन जारी हुनु अगावै प्रचलित नेपाल कानुनबमोजिम दर्ता भै सञ्चालनमा रहेका १०० वाटसम्म क्षमता भएका एफएम रेडियोहरू तथा केवल टेलिभिजनको हकमा भने नयाँ इजाजतपत्र लिइ रहनुपर्ने छैन ।

५. **प्रसारणसम्बन्धी नीति निर्माण र कार्यान्वयन** : (१) महानगरपालिका क्षेत्रभित्र १०० वाटसम्मको एफएम रेडियो, केबुल टेलिभिजन तथा डिजिटल प्रसारणको नियमन, सञ्चालन तथा व्यवस्थापनको अधिकार महानगरपालिकालाई हुनेछ ।

(२) यो ऐन जारी हुनुपूर्व प्रचलित कानुनबमोजिम इजाजतपत्र लिई सञ्चालन भइरहेका दफा ४(३) बमोजिमका प्रसारण माध्यमहरूको नियमन गर्ने कार्यसमेत महानगरपालिकाको हुनेछ ।

६. **इजाजतपत्र प्राप्ति, नवीकरण तथा अभिलेखन** : (१) महानगरपालिकाले दफा ४ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी तथा स्थान उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखेर पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सी तथा स्थान उपलब्ध गराउन सकिने पत्र प्राप्त भएमा महानगरपालिकाले निवेदकलाई इजाजतपत्र उपलब्ध गराउनेछ ।

(३) महानगरपालिका क्षेत्रभित्र कार्यालय खोली, प्रचलित कानुनबमोजिम प्रसारण संस्थाका रूपमा दर्ता भई इन्टरनेटमा आधारित माध्यमबाट प्रसारण गर्ने प्रसारकहरूले महानगरपालिकामा आफ्नो प्रसारण माध्यमलाई तोकिएबमोजिम अभिलेखन गराउन सक्नेछ ।

(४) रेडियो तथा केवल टेलिभिजन उपकरणहरूको इजाजतपत्र लिनको लागि तोकिबमोजिम कागजातहरू पेस गर्नुपर्ने छ ।

(५) इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ ।

(६) एफएम रेडियो तथा केवल टेलिभिजनको इजाजतपत्र प्रत्येक तीन वर्षमा तोकिएको शुल्क तिरी म्याद सकिएको ६ महिनाभित्र नवीकरण गर्नुपर्नेछ ।

(७) यस ऐनबमोजिम तोकिएका प्रक्रिया पूरा गरी प्रसारण इजाजत पत्र मागकर्तालाई तोकिएको समयभित्र इजाजतपत्र वा इजाजतपत्र दिन नमिल्ने भए सोको लिखित कारण दिनुपर्नेछ ।

७. **प्रसारकको वर्गीकरण** : महानगरपालिकाबाट इजाजत प्राप्त गरी सञ्चालित रेडियो, केवल टेलिभिजन प्रसारक तथा अन्य प्रसारकहरूलाई प्रसारण माध्यम र स्वामित्वको प्रकृतिका आधारमा निजी, सामुदायिक र सार्वजनिक सेवा प्रसारकका रूपमा तोकिए बमोजिम मापदण्ड तयार गरी वर्गीकरण गरिनेछ ।

८. **दस्तुर तथा शुल्क** : (१) एफएम रेडियो, केबुल टेलिभिजन तथा इन्टरनेटमा आधारित सञ्चार माध्यम सञ्चालन गर्ने संस्था वा व्यक्तिले तोकिएबमोजिम शुल्क तिर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेत पेस गर्नुपर्नेछ ।

९. **पत्रपत्रिकाको अभिलेखन गर्नुपर्ने** : (१) महानगरपालिका क्षेत्रभित्र सार्वजनिक रूपमा बिक्री वितरणको लागि स्थानीय पत्रपत्रिका प्रकाशन गर्न चाहेमा पत्रपत्रिकाको नाम, किसिम, भाषा, सम्पादकको नाम र प्रकाशकको विवरण, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थानसमेत खुलाई पत्रपत्रिका अभिलेखको लागि तोकिएबमोजिमको ढाँचामा सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनुपर्नेछ ।

(२) सञ्चार रजिष्ट्रारले उपदफा (१) बमोजिम अभिलेखका लागि पेस हुन आएको विवरण छानबिन गर्दा प्रक्रिया पुगेको पाइएमा तोकिएको ढाँचामा छुट्टै अभिलेख किताब खडा गरी राख्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखन भई प्रकाशित हुने पत्रपत्रिकाको नाम, किसिम, भाषा र आकार परिवर्तन भएमा, एकभन्दा बढी भाषामा प्रकाशित भएमा वा अन्य विवरण परिवर्तन भएमा उपदफा (१) बमोजिम सञ्चार रजिष्ट्रारसमक्ष निवेदन दिई परिवर्तित विवरणसमेत अभिलेखन गराउनुपर्नेछ ।

(४) राष्ट्रिय वा प्रादेशिक पत्रपत्रिकाका रूपमा प्रकाशित भैरहेका पत्रपत्रिकाले महानगरको सञ्चार रजिष्ट्रार समक्ष उपदफा (१) बमोजिमको विवरणसहित स्वेच्छिक रूपमा अभिलेखन गर्न सक्नेछ ।

(५) अभिलेखन भएका स्थानीय पत्रपत्रिकाले हरेक अङ्कको प्रकाशित २ प्रति पत्रिका नियमित रूपमा सञ्चार रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्नेछ ।

**१०. अभिलेखबाट नहटाइने** : दफा ९ बमोजिम अभिलेखन भएका कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरेबापत त्यस्तो पत्रपत्रिका अभिलेखनबाट हटाइनेछैन ।

**११. पत्रपत्रिकाको वर्गीकरण** : (१) रजिष्ट्रारको कार्यालयमा अभिलेखन भएका पत्रपत्रिकालाई महानगरपालिकाबाट उपलब्ध गराइने सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिएको मापदण्ड बमोजिम वर्गीकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा पत्रपत्रिकाको वितरण संख्या तथा सम्पादकीय सामग्रीको गुणस्तर र अन्य तोकिएको विषयहरूलाई सञ्चार रजिष्ट्रारले वर्गीकरणको आधार मान्नेछ ।

**१२. <u>महानगर प्रकाशन</u> :** (१) महानगरपालिकाको नियमित प्रकाशनका रूपमा साप्ताहिक, पाक्षिक, मासिक र त्रैमासिक पत्रिका तथा आवधिक बुलेटिन प्रकाशन र सञ्चालन गर्न सक्नेछ ।

(२) महानगरपालिकाद्वारा प्रकाशन हुँदै आएको जनचेतना मासिक तथा महानगर बुलेटिन यसै ऐनद्वारा सञ्चालन र व्यवस्थापन हुनेछ ।

**१३. <u>प्रकाशन प्राथमिकता</u> :** स्थानीय पत्रपत्रिकाले आफ्नो सम्पादकीय सामग्रीहरूको विषयवस्तुमा महानगर गतिविधि, महानगरभित्रका जनसरोकारका विषयहरू तथा स्थानीय सम्पदा र भाषा संस्कृतिको विषयलाई प्राथमिकता दिनुपर्नेछ ।

**१४. <u>अनलाइन सञ्चार माध्यमको अभिलेखन</u> :** (१) प्रचलित कानुन अनुसार दर्ता भएका कम्पनीहरूबाट महानगरपालिका क्षेत्रभित्र कार्यालय स्थापना गरी इन्टरनेटमार्फत सञ्चार माध्यम सञ्चालन गर्न चाहने समाचार, मनोरञ्जन, शिक्षामूलक र समसामयिक विषयहरू प्रवाह हुने अनलाइन पोर्टलहरूलाई महानगरपालिकाबाट स्थानीय सञ्चार माध्यमका रूपमा अभिलेखन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम महानगरपालिकामा अभिलेखन हुन चाहने अनलाइन सञ्चारमाध्यमले आधारभूत रूपमा सम्पादकीय प्रबन्धको व्यवस्था, पत्रकार आचारसंहिता पालनाको प्रतिबद्धता तथा स्व:नियमनका मान्यतालाई अवलम्बन गरी महानगरपालिकाले तोकेबमोजिमको विवरणसहित सञ्चार रजिष्ट्रार समक्ष अभिलेखनका लागि निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखन हुन चाहने अनलाइन सञ्चार माध्यमलाई सञ्चार रजिष्ट्रारमार्फत अभिलेखन गरी अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र दिइनेछ ।

(४) अनलाइन सञ्चारमाध्यमको अभिलेखन प्रमाणपत्र दिने तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम अभिलेखन गरिएका अनलाइन सञ्चारमाध्यमको विवरण बागमती प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय तथा नेपाल सरकार सूचना तथा प्रसारण विभागमा पठाइनेछ ।

**१५. <u>अनलाइन सञ्चारमाध्यमले विवरण राख्नुपर्ने</u> :** (१) अनलाइन सञ्चार माध्यमले देहायका विवरण आफ्नो वेबसाइटको मुख्यपृष्ठ, होमपेज वा आफ्नो बारेमा राख्नु पर्नेछ :

(क) सञ्चार रजिष्ट्रारबाट प्राप्त अभिलेखनको नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, फोटो, सम्पर्क फोन नम्बर, ईमेल, सामाजिक सञ्जाल तथा वेभसाइट,

(ख) सञ्चालक, सम्पादकको नाम, ठेगाना, फोटो, सम्पर्क फोन नम्बर, इमेल,

(ग) प्रचलित संघीय, प्रादेशिक तथा स्थानीय पत्रकार आचारसंहिताप्रतिको प्रतिबद्धता तथा सञ्चार माध्यमको स्वामित्व तथा जवाफदेहिता, सम्पादकीय नीति, स्वार्थको घोषणा, जनशक्ति विवरण, प्रवाह हुने विषयगत क्षेत्रको घोषणा तथा प्रतिबद्धता, गुनासो सुनुवाई संयन्त्र लगायतका विषय समेटिएको स्वःनियमन मापदण्ड अवलम्बन गरिने प्रतिबद्धता पत्र,

(घ) तोकिए बमोजिमका अन्य विषय ।

(२) प्रतिष्ठानले अनलाइन सञ्चार माध्यमहरूका लागि स्वःनियमन मापदण्डका आधारहरू तथा मार्गदर्शन जारी गर्न तथा सञ्चारमाध्यमहरूद्वारा जारी स्वःनियमनका मापदण्डहरूको कार्यान्वयन र परिपालनाको अनुगमन गर्न सक्नेछ ।

**१६.** **अभिलेखबाट नहटाइने** : दफा १४ बमोजिम अभिलेखन भएका कुनै पनि इन्टरनेटमा आधारित सञ्चार माध्यममा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशन भएबापत त्यस्तो सञ्चारमाध्यम वा पत्रपत्रिकालाई अभिलेखनबाट हटाइनेछैन ।

**१७.** **सञ्चारमाध्यमले पालना गर्नुपर्ने सर्तहरू** : (१) यस ऐनबमोजिम सञ्चालनमा रहेका सञ्चारमाध्यमहरूले समाचार, विचार, कार्यक्रम तथा अन्य सामग्री प्रकाशन, प्रसारण र प्रवाह गर्दा देहायका कुरा गर्न पाइनेछैनः

(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबिचको सम्बन्धमा प्रत्यक्ष आँच आउने विषय,

(ख) विभिन्न जात, जाति, धर्म, वा सम्प्रदाय बिचको सम्बन्धमा स्पष्ट रूपमा तत्काल र दीर्घकालीन खलल पार्ने विषय,

(ग) गाली बेइज्जती हुने वा व्यक्तिगत गोपनीयता माथि अतिक्रमण हुने वा अदालतको अवहेलना हुने विषय,

(घ) सार्वजनिक शिष्टाचार र नैतिकताको प्रत्यक्ष प्रतिकूल भै हिंसालाई दुरुत्साहन गर्ने विषय,

(ङ) जातीय छुवाछुत हुने वा लैङ्गिक भेदभाव हुने वा श्रमप्रति अवहेलना गर्ने विषय ।

(२) उपदफा (१) बमोजिम प्रसारण, प्रकाशन र प्रवाह गर्न नहुने सम्बन्धी व्यवस्था महानगरपालिकाका सञ्चारमाध्यम तथा रजिष्ट्रार समक्ष अभिलेखन भएका सबै सञ्चार माध्यमहरूमा समेत समान रूपमा लागु हुनेछ ।

(३) यस ऐन बमोजिम सञ्चालनमा रहेका सञ्चारमाध्यमहरूले समाचार, विचार तथा कार्यक्रम प्रसारण गर्दा देहायका कुराहरू प्रकाशन, प्रसारण र प्रवाह गर्नुपर्नेछ :

(क) लोककल्याणकारी तथा सार्वजनिक हितका लागि जानकारीमूलक, शिक्षाप्रद र स्वच्छ मनोरञ्जनात्मक समाचार र सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रवाह हुने विषय,

(ख) आपत्कालीन समय, महामारीका बेला वा विपद्को समयमा महानगरपालिकाबाट भएका अनुरोध तथा निर्देशन, सो विषय सम्बद्ध सूचना र सामाग्रीलाई प्राथमिकताका साथ प्रकाशन, प्रसारण र प्रवाह गर्नुपर्ने विषय ।

## परिच्छेद-४
## सञ्चार रजिष्ट्रार तथा सञ्चार प्रतिष्ठान

**१८. सञ्चार रजिष्ट्रार :** (१) महानगरपालिकाको सूचना प्रविधि विभाग प्रमुख सञ्चार रजिष्ट्रार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) स्थानीय पत्रपत्रिका, एफएम रेडियो, केबुल टेलिभिजन, अनलाइन श्रव्यदृश्य माध्यम एवम् अनलाइन पत्रपत्रिकाहरूको अभिलेखन, नवीकरण र नियमन गर्ने,

(ख) यस ऐनबमोजिमका तथ्याङ्क तथा सूचना प्रविधि व्यवस्थापन, वेबसाइट, सामाजिक सञ्जाल, इमेल व्यवस्थापन र अन्य अनुगमन तथा नियमनसम्बन्धी जिम्मेवारी सम्पादन गर्ने,

(ग) महानगर सञ्चार प्रतिष्ठानको सदस्य सचिवका रूपमा सम्पादन गर्नुपर्ने कार्य गर्ने,

(घ) सञ्चार रजिष्ट्रारको जिम्मेवारी तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

१९. **प्रेस पास जारी गर्ने** : (१) सञ्चार रजिष्ट्रारले स्थानीय पत्रपत्रिका तथा एफएम रेडियो, केबुल र अनलाइन माध्यमका रूपमा अभिलेखन भएका सञ्चार माध्यमहरूमा कार्यरत पत्रकारहरूलाई सम्बन्धित सञ्चार संस्थाहरूको निवेदनका आधारमा तोकिएबमोजिमको ढाँचामा खास कुनै स्थान वा कार्यक्रम अवधि वा एक वर्षसम्मको आवधिक प्रेस पास जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रेस पास जारी गर्न र नवीकरण गर्न तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(३) उपदफा (१) बमोजिम जारी गरिएका र उपदफा (२) बमोजिम नवीकरण भएका प्रेस पासको जानकारी सञ्चार रजिष्ट्रारले प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय र नेपाल सरकार सूचना तथा प्रसारण विभागलाई गराउनेछ ।

२०. **महानगर प्रसारण सेवा** : (१) कार्यपालिकाले रेडियो तथा टेलिभिजनमा महानगर प्रसारण सेवा स्थापना गरी सञ्चालन र व्यवस्थापन गर्नेछ ।

(२) प्रचलित कानुन बमोजिम इजाजत लिई महानगरपालिकाद्वारा सञ्चालित मेट्रो एफएम, श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रसारण कार्य यसै कानुनद्वारा सञ्चालन र व्यवस्थापन हुनेछ ।

(३) महानगर प्रसारण सेवा मुनाफारहित प्रसारण सेवाका रूपमा सञ्चालन गर्नुपर्नेछ ।

(४) प्रसारण सेवा सञ्चालनका लागि आवश्यक बजेट सञ्चार प्रतिष्ठानको सिफारिसअनुसार महानगरपालिकाको वार्षिक बजेटमा अलग्गै शीर्षक राखी विनियोजन हुनेछ ।

(५) महानगर प्रसारण सेवाले आफ्नो प्रसारण सामग्रीमा निम्न बमोजिम प्राथमिकता दिनुपर्नेछ :

(क) स्थानीय लोकतन्त्रको प्रवर्धन तथा सबलीकरण,

(ख) स्थानीय हित प्रवर्धन, नगरपालिकाहरूबिचको सम्बन्ध तथा प्रदेश र नेपाल सरकारसँग सम्बन्ध विस्तार,

(ग) स्थानीय जातजाति, धर्म, भाषा तथा मूर्त अमूर्त सांस्कृतिक चलन, जैविक विविधताको संरक्षण र सम्वर्धन,

(घ) लैङ्गिक, सांस्कृतिक, भाषिक, सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा पछि परेका समुदायको हित प्रवर्धन र सबलीकरण,

(ङ) सार्वजनिक सरोकार, मानव अधिकार, न्याय सम्पादन, उपभोक्ता अधिकार र जनचासोका विषय, स्थानीय सेवा प्रवाहको प्रवर्धन र निगरानी,

(च) स्थानीय तहमा सुशासन, पारदर्शिता, खुलापन तथा सूचनाको हक प्रवर्धन,

(छ) शिक्षा, पर्यटन, कृषि, उद्योग, व्यापार, रोजगार तथा उद्यमशीलता प्रवर्धन,

(ज) ज्ञान, विज्ञान र प्रविधिको प्रोत्साहन,

(झ) नागरिक अधिकार, स्वास्थ्य र शिक्षा,

(ञ) प्राकृतिक श्रोतहरूको संरक्षण र दिगो विकासको प्रवर्धन,

(ट) विभिन्न उमेर समूहका लागि उपयोगी सूचना, जानकारी, शिक्षामूलक र स्वच्छ मनोरञ्जनात्मक सामग्रीबाट उनीहरूको हित र नीति पैरवी,

(ठ) गीत, संगीत, सिनेमालगायत मनोरञ्जनात्मक, खेलकुद, उद्यमशीलतालगायत युवा लक्षित समसामयिक विषय,

(ड) राष्ट्रिय तथा अन्तराष्ट्रिय जनचासोका विषयहरू ।

**२१. <u>महानगर सञ्चार प्रतिष्ठान</u>** : (१) दफा २० बमोजिमको महानगर प्रसारण सेवा सञ्चालन र व्यवस्थापनका लागि देहायबमोजिम महानगर सञ्चार प्रतिष्ठान रहनेछः,

(क) पत्रकारिता वा कानुन वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रसारण तथा पत्रकारिता क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव भएको, ३५ वर्ष उमेर पुगेको, कुनै राजनीतिक दलमा आबद्ध नभएको नेपाली नागरिक - अध्यक्ष

(ख) महानगरपालिकाको प्रवक्ता - पदेन सदस्य

(ग) सभाको सदस्यहरू मध्येबाट कार्यपालिकाले तोकेको कम्तिमा एक महिलासहित - २ जना सदस्य

(घ) महानगरपालिकाको सूचना अधिकारी- पदेन सदस्य

(ङ) महानगर क्षेत्रभित्र सञ्चालित शैक्षिक संस्थाहरूका प्रमुखमध्येबाट प्रमुखले मनोनित गरेका - १ जना सदस्य

(च) महानगरपालिकामा क्रियाशील नागरिक सङ्घसंस्थाका प्रतिनिधि

मध्येबाट प्रमुखले मनोनीत गरेका एक महिलासहित - २ जना सदस्य

(छ) संस्कृति, गीत, संगीत, भाषा तथा साहित्यका क्षेत्रमध्येबाट प्रमुखले मनोनित गरेको - १ जना सदस्य

(ज) आन्तरिक सञ्चारमा रहेका पत्रकार/कार्यक्रम सञ्चालक मध्ये एक - १ जना सदस्य

(झ) सञ्चार रजिष्ट्रार - सदस्य सचिव

(२) उपदफा (१) खण्ड (क) बमोजिमको अध्यक्षको छनौट प्रचलित कानुनबमोजिम खुल्ला प्रतिस्पर्धाको माध्यमबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको अध्यक्ष एवम् सदस्यहरूको पद देहायबमोजिमको अवस्थामा रिक्त हुनेछ।

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय पाएमा,

(ग) निजले पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) निजको मृत्यु भएमा,

(ङ) निजको मानसिक अवस्था असन्तुलन भएमा।

(४) उपदफा (१) बमोजिमको समितिका अध्यक्ष एवम् पदेन सदस्यबाहेकका अन्य सदस्यहरूको कार्य अवधि ४ वर्षको हुनेछ।

(५) उपदफा (१) बमोजिम नियुक्त भएका अध्यक्ष र उपदफा (१) खण्ड (ङ), (च) र (छ) बमोजिमका सदस्यहरूको थप एक कार्यकालका लागि पुनःनियुक्ति हुन सक्नेछ।

२२. **सञ्चार प्रतिष्ठानको काम, कर्तव्य, अधिकार** : (१) दफा २१ बमोजिम गठन हुने महानगर सञ्चार प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रसारण सेवाको सम्पादकीय नीति निर्माण गर्ने,

(ख) प्रसारित तथा प्रकाशित सामग्रीबारे गुनासो तथा उजुरी सुन्नका लागि तोकिएबमोजिम एक संयन्त्र बनाउने,

(ग) प्रतिष्ठानले वार्षिक रूपमा श्रोता, दर्शक तथा पाठक सर्वेक्षण सञ्चालन गर्ने,

(घ) सार्वजनिक प्रसारण सेवाको कार्य सञ्चालनका लागि तोकिएबमोजिम एक प्रबन्धक नियुक्त गर्ने,

(ङ) महानगरअन्तर्गतका सञ्चार, सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन लगायतका विषयमा नीति तथा कानुन तर्जुमाका लागि कार्यपालिकालाई आवश्यक सुझाव दिने,

(च) महानगरपालिकाबाट सञ्चालित तथा अभिलेखन भएका सञ्चार संस्थाका लागि जिम्मेवार, मर्यादित र विश्वसनीय पत्रकारिताको अभ्यासलाई प्रवर्धन गर्न साझा वा सञ्चार माध्यमको स्वरूप बमोजिम छुट्टाछुट्टै स्वःनियमन तर्जुमा गर्न गराउन सहजीकरण गर्ने तथा सोको अनुगमन गर्ने,

(छ) प्रतिष्ठानले आफ्नो वार्षिक प्रतिवेदन सूचना प्रविधि विभागमार्फत कार्यपालिकासमक्ष पेस गर्नेछ। यसरी पेस भएको प्रतिवेदनउपर छलफल गरी कार्यपालिकाले आवश्यकता अनुसार निर्णय गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिष्ठानको काम, कर्तब्य तथा अधिकारक्षेत्रभित्र महानगरपालिकाबाट सञ्चालन हुने छापा, पत्रपत्रिका तथा अनलाइन प्रकाशन वा प्रसारणको सेवा सञ्चालन र व्यवस्थापन कार्य समेत रहनेछ ।

(३) प्रतिष्ठानले तोकिएबमोजिम महानगरीय पत्रकारिता प्रशिक्षण केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**२३. प्रतिष्ठानको बैठक** : (१) प्रतिष्ठानको बैठक कम्तीमा महिनाको एकपटक र आवश्यकता अनुसार जहिलेसुकै बस्नेछ ।

(२) प्रतिष्ठानको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(३) बैठक सञ्चालनसम्बन्धी आवश्यक कार्यविधि प्रतिष्ठानले निर्धारण गर्न सक्नेछ ।

**२४. सेवा, सुविधा र सर्तहरू:** सञ्चार प्रतिष्ठानको अध्यक्ष र सदस्यहरूको सेवा र सुविधाका सर्तहरू तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-५
## जनशक्ति तथा आन्तरिक सञ्चार व्यवस्थापन

**२५. विशेष सेवाका रूपमा रहने** : (१) महानगरपालिकाअन्तर्गत सञ्चालन हुँदै आएका सञ्चार माध्यमहरूमा हाल कार्यरत श्रमजीवी पत्रकार र कर्मचारीलाई विशेष सेवाअन्तर्गत सञ्चार सेवाका कर्मचारीका रूपमा व्यवस्थापन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चार सेवामा रहने कर्मचारी संरचना तथा दरबन्दी प्रतिष्ठानको सिफारिसमा सभाबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको कर्मचारी संरचना तथा दरबन्दी तोक्दा पाँचौ तह (कनिष्ठ संवाददाता) देखि ९औं तह (सम्पादक) सम्म कायम गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमका श्रमजीवी पत्रकार र कर्मचारीहरूको पारिश्रमिक लगायतका सेवा र सुविधा महानगरपालिकाको अन्य कर्मचारीहरूको सेवा र सुविधासम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

२६. **सेवा सुविधा नघट्ने** : विशेष सञ्चार सेवाअन्तर्गत कार्य गर्ने श्रमजीवी पत्रकार र सुविधा, उपदान, बिमा, क्षतिपूर्ति, बिदा, तलब वृद्धि, स्तरवृद्धि लगायत श्रमजीवी पत्रकारसम्बन्धी संघीय र प्रदेश कानुनले प्रदान गरेको सेवा सुविधामा कम नहुने गरी उपलब्ध गराउनुपर्नेछ ।

२७. **नियुक्ति र सामाजिक सुरक्षा** : (१) महानगरपालिकाअन्तर्गत सञ्चालित सञ्चार माध्यमहरूमा नियुक्ति पत्र नदिई श्रमजीवी पत्रकारलाई काममा लगाउनुहुँदैन ।

(२) महानगरपालिकाअन्तर्गतका सञ्चार संस्थामा कार्यरत श्रमजीवी पत्रकार र कर्मचारीका लागि सामाजिक सुरक्षाको व्यवस्था लागु गर्नुपर्नेछ ।

२८. **स्थायी सेवाको अवसर** : महानगरपालिकाले यो ऐन लागु हुनुभन्दा अघि मातहतको सञ्चार माध्यमहरूमा कार्यरत श्रमजीवी पत्रकार र कर्मचारीहरूको सेवा स्थायी गर्न तोकिएबमोजिमको विशेष प्रतियोगिताको कार्यविधि अवलम्बन गरी एक पटकका लागि अवसर प्रदान गर्नेछ ।

२९. **स्वेच्छिक अवकाशको अवसर** : महानगरपालिकाले हाल मेट्रो एफएम लगायत अन्य महानगरीय सञ्चार माध्यममा कार्यरत जनशक्तिलाई महानगरपालिकाको कर्मचारी सेवा ऐन, २०७७ बमोजिम सुविधासहितको स्वेच्छिक अवकाशको अवसर दिन सक्नेछ ।

३०. **<u>प्रचलित कानुन बमोजिम हुने</u>** : (१) महानगर सञ्चार रजिष्ट्रारको कार्यालयमा अभिलेखन भएका अन्य स्थानीय सञ्चार माध्यमहरूमा कार्यरत श्रमजीवी पत्रकारहरूको सेवा र सुविधासम्बन्धी व्यवस्था श्रमजीवी पत्रकारसम्बन्धी संघीय र प्रदेशको प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) महानगरको सञ्चार रजिष्ट्रारको कार्यालयमा अभिलेखन भएका अन्य सञ्चार संस्थाले सञ्चार गृहमा काम गर्ने श्रमिक कामदार र सञ्चार गृहबाट उपभोक्ता वा वितरण केन्द्रसम्म पत्रपत्रिका पुऱ्याउने कार्यमा संलग्न कामदारहरूलाई पनि संघीय तथा प्रादेशिक कानुन बमोजिम, नियुक्तिपत्र, न्युनतम पारिश्रमिक र सामाजिक सुरक्षाको सुविधा दिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा उल्लिखित व्यवस्थाको कार्यान्वयन अवस्थाबारे सञ्चार रजिष्ट्रारले अनुगमन गरी प्रतिष्ठानमा प्रतिवेदन पेस गर्न सक्नेछ ।

३१. **<u>महानगरीय सूचना केन्द्र</u>** : (१) महानगरपालिकाले आम नागरिकलाई सुसूचित गर्न महानगरपालिका क्षेत्रभित्रको ऐतिहासिक, सांस्कृतिक, सामाजिक र आर्थिक पक्षहरू वा विभिन्न गतिविधि वा सूचना, जानकारी र तथ्याङ्क तथा सेवाहरूबारे विभिन्न स्वरूपमा सार्वजनिक (संग्रहालय/अभिलेखालय) सहरी सूचना केन्द्रहरू सञ्चालन गर्नेछ ।

(२) सहरी सूचना केन्द्रहरूको स्थापना, सञ्चालन र व्यवस्थापन कार्यविधिले तोकिए बमोजिम हुनेछ ।

(३) महानगरीय सूचना केन्द्रले महानगर पुस्तकालय सञ्चालन गर्नेछ ।

३२. **<u>वेबसाइट सञ्चालन</u>** : (१) महानगरपालिकाको आधिकारिक सूचना तथा विवरणहरू प्रवाह गर्न महानगरपालिकाले वेबसाइट सञ्चालन गर्नेछ ।

(२) महानगरपालिका र अन्तर्गतका अन्य कार्यालयबाट यो ऐन जारी हुनुभन्दा अघिदेखि सञ्चालनमा रहेका वेबसाइटहरू यसै ऐनद्वारा सञ्चालन र व्यवस्थापन हुनेछ ।

(३) वेबसाइटमा प्रवाह गरिने सूचना, विवरण तथा दस्तावेजहरू अद्यावधिक गर्ने जिम्मेवारी विभागको हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्रवाह गरिने सूचना तथा विवरणहरू वेबसाइटमा अपडेट गर्नु अगाडि ती सूचना तथा विवरण र दस्तावेजहरूको भाषिक शुद्धता तथा तथ्यगत जाँच गर्न विभागले पत्रकार, कार्यक्रम सञ्चालकलाई जिम्मेवारी तोक्नेछ ।

(५) उपदफा (३) बमोजिम सूचना विवरण तथा दस्तावेजहरू अद्यावधिक गर्न महानगरपालिकाका विभागहरू तथा सम्बन्धित निकायका कार्यालय प्रमुखले विभागलाई सकेसम्म छिटो पठाउनु उनीहरूको कर्तव्य हुनेछ ।

३३. **इमेल प्रयोग :** महानगरपालिकाका विभिन्न कार्यालय, पदाधिकारी तथा कर्मचारीहरूले कार्यालयको आधिकारिक सञ्चार प्रवाहका लागि तोकिए बमोजिमको आधिकारिक इमेल ठेगाना प्रयोग गर्नुपर्नेछ ।

३४. **सामाजिक सञ्जाल अभ्यास** : (१) महानगरपालिकाका विभिन्न कार्यालय तथा पदाधिकारीहरूले महानगरपालिकाको आधिकारिक सूचना वा जानकारी वा धारणा सार्वजनिक गर्न पदीय हैसियत र विवरण उल्लेखित आधिकारिक सामाजिक सञ्जाल अकाउन्ट सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सामाजिक सञ्जाल अकाउन्ट तथा पेजको नामाकरण, सञ्चालन, सो को डिजाइन लगायतमा एकरूपता कायम गरी अन्तिम स्वीकृतिका लागि सञ्चार रजिष्ट्रारले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नुपर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतबाट आधिकारिक भनेर विवरणसहित उल्लेख भएका उपदफा (२) बमोजिमका सामाजिक

सञ्जाल अकाउन्ट तथा पेजहरू महानगरपालिकाका आधिकारिक सामाजिक सञ्जालका रूपमा रहनेछ ।

(४) महानगरपालिकाले इन्टरनेट प्रविधिमा आधारित सामाजिक सञ्जालको प्रयोग र व्यवस्थापनसम्बन्धी संहिता (सोसल मिडिया चार्टर) जारी गर्न सक्नेछ ।

(५) महानगरपालिका सम्बद्ध पदाधिकारीहरूद्वारा उपदफा (१) बमोजिम सञ्चालन तथा प्रयोग भएका आधिकारिक सामाजिक सञ्जाल अकाउन्ट तथा तिनको पासवर्ड आफ्नो पदावधि समाप्त भएको एक साताभित्र सञ्चार रजिष्ट्रारलाई हस्तान्तरण गर्नुपर्नेछ ।

**३५.** **प्रवक्ता तथा सहप्रवक्ता** : (१) कार्यपालिकाले कुनै एक जना कार्यपालिकाका सदस्यलाई महानगरपालिकाको प्रवक्ता तोक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रवक्ताले महानगरको नीतिगत तहको धारणा सार्वजनिक गर्ने तथा महानगर कार्यपालिका र सभाको गतिविधि र निर्णयहरूबारे आवश्यक सूचना तथा धारणा सार्वजनिक गर्नेछ ।

(३) महानगरपालिकाको प्रशासन विभाग प्रमुखले सहप्रवक्ताको भूमिका निर्वाह गर्नेछ ।

(४) प्रवक्ता र सहप्रवक्ताले कुनै विषयमा धारणा व्यक्त गर्नु अघि प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यकता अनुसार परामर्श र समन्वय गर्नुपर्नेछ ।

**३६.** **प्रेस वक्तव्य तथा पत्रकार सम्मेलन** : (१) महानगरपालिकाले आवश्यकता अनुसार पत्रकार भेटघाट र सम्मेलन गर्न तथा प्रेस वक्तव्य जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य प्रमुख वा उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत वा प्रवक्ता वा सूचना अधिकारी वा निजहरूले तोकेको अधिकारीले गर्नेछन् ।

(३) वडा तहको विषयहरूमा उपदफा (१) बमोजिमको कार्य वडाध्यक्ष वा वडा सचिवले गर्नेछ ।

## परिच्छेद-६
## पत्रकारिता विकास र प्रवर्धन

३७. **कल्याण कोषको स्थापना** : (१) महानगरपालिकाले पत्रकारिता क्षेत्रमा निरन्तर लामो समयसम्म योगदान पुर्‍याएका महानगरपालिका क्षेत्रमा स्थायी बसोबास भएका ७० वर्ष उमेर पुगेका र पत्रकारितामा कम्तिमा ३५ वर्षसम्म योगदान दिएका पत्रकारहरूलाई महानगर वरिष्ठ ज्येष्ठ पत्रकारका रूपमा सम्मान गर्न र ज्येष्ठ पत्रकारहरूलाई मासिक वृति प्रदान गर्न पत्रकार कल्याण कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) महानगरपालिकाले पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी मृत्यु भएका तथा घाइते भएका वा दीर्घ रोगबाट पीडित पत्रकारको सहयोगको लागि उपदफा (१) बमोजिमको कोषको प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन तथा सञ्चालनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **सुशासन पुरस्कार** : (१) प्रतिष्ठानको सिफारिसमा कार्यपालिकाले महानगरपालिका क्षेत्रभित्रका जनसरोकारका विषयमा खोजी पत्रकारिता गरी सुशासन प्रवर्धनमा योगदान गरेका स्थानीय, प्रदेश वा राष्ट्रिय आमसञ्चार माध्यमहरू (आन्तरिकसहित) मा कार्यरत पत्रकारमध्येबाट प्रतिष्ठानले तर्जुमा गरेको मापदण्डका आधारमा हरेक वर्ष कम्तीमा २ महिला सहित ५ जना पत्रकारलाई वार्षिक रूपमा महानगर सुशासन पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार प्रदान गर्दा एकपटक पुरस्कृतलाई कम्तीमा ५ वर्षसम्म पुनः सो पुरस्कार दिइने छैन ।

(३) पुरस्कार व्यवस्थापनका लागि प्रतिष्ठानले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको पुरस्कारको प्रमाणपत्रको ढाँचा र पुरस्कारको राशी प्रतिष्ठानले वार्षिक रूपमा निर्धारण गरेअनुसार हुनेछ ।

**३९. अन्य नगरपालिकाहरूसँग सहकार्य गर्न सकिने** : महानगरपालिकाबाट सञ्चालित टेलिभिजन, अनलाइन पोर्टल, एफएम रेडियो, पत्रिकासहितका आमसञ्चारका माध्यमहरूलाई अन्य नगरपालिकाहरू समेतको सहकार्यमा सञ्चालन र व्यवस्थापन गर्न सकिनेछ ।

**४०. सञ्चार सम्बन्ध र आदान-प्रदान** : (१) महानगरपालिकाबाट सञ्चालित सञ्चार माध्यमहरूले पत्रकारिताको प्रवर्धन र दिगो विकासलाई सहयोग पुऱ्याउन देश विदेशका अन्य सञ्चार माध्यम र सार्वजनिक सञ्चार संस्थाहरूसँग प्रमुखको स्वीकृतिमा आपसी सम्बन्ध र सूचना आदानप्रदान गर्न सक्नेछ ।

(२) महानगरपालिकाका सञ्चार माध्यमहरूले महानगरपालिकासँग भगिनी सम्बन्ध भएका देश, महानगर क्षेत्रलाई लक्षित कार्य क्षेत्र बनाएर काम गर्ने अन्तरराष्ट्रिय कुटनीतिक र विकास साझेदार, स्थानीय शासन तथा सुशासनका क्षेत्रमा काम गर्ने संघ संस्था र अन्तर्राष्ट्रिय तहहरूबाट सञ्चालित सञ्चार माध्यमहरूसँग आपसी सहकार्य गर्न सक्नेछ ।

**४१. समन्वय तथा सहजीकरण** : महानगरपालिकाअन्तर्गत इजाजत प्राप्त रेडियो, केवल टेलिभिजन तथा अभिलेखन भएका डिजिटल प्रसारक र महानगरपालिका क्षेत्रभित्र रहेर सञ्चालित प्रादेशिक वा संघीय कानुनअन्तर्गत इजाजत प्राप्त रेडियो तथा टेलिभिजन प्रसारण संस्थाहरू र डिजिटल प्रसारकहरू बिच समन्वय गर्ने तथा ती प्रसारकहरूलाई आवश्यक सहजीकरण गरिदिने काम प्रतिष्ठानले गर्नेछ ।

४२. **सञ्चार संस्था, पत्रकार र कर्मचारीको सुरक्षा** : सञ्चार संस्थामा कार्यरत पत्रकार वा कर्मचारीमाथि हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानी नोक्सानी हुने सम्भावना छ भन्ने प्रकाशक वा प्रसारक संस्थालाई लागेमा सम्बन्धित संस्थाको लिखित अनुरोधमा महानगरपालिकाले त्यस्तो ठाउँमा अनुरोधकर्ताले आवश्यक ठानेको अवधिसम्म सुरक्षा व्यवस्था मिलाउनका लागि समन्वय गर्नेछ ।

४३. **स्थानीय भाषा तथा संस्कृतिलाई विशेष सुविधा** : (१) महानगरपालिकाले प्रवर्धन गरिरहेको स्थानीय नेपाल भाषामा पत्रपत्रिका, समाचारमूलक अनलाइन पत्रिका, रेडियो वा टेलिभिजनका समसामयिक कार्यक्रमहरूलाई प्रोत्साहनस्वरूप अनुदान वा लोककल्याणकारी विज्ञापन जस्ता सुविधाहरू उपलब्ध गराउन सक्नेछ ।

(२) नेपाल भाषामा महानगरपालिकाबाट उत्पादित श्रव्यदृश्य कार्यक्रम, सूचना तथा लेख रचनालाई विशेष महत्व दिएर प्रसारण, प्रकाशन र प्रवाह गर्ने सञ्चारका माध्यमहरूलाई आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

४४. **पत्रकारिताको अनुसन्धानलाई प्रोत्साहन** : (१) महानगरपालिकाले पत्रकारिताको प्राज्ञिक विकास तथा अनुसन्धानलाई प्रोत्साहन गर्न विभिन्न शैक्षिक संस्था वा विश्वविद्यालय वा अनुसन्धान संस्था वा संघ संस्थासँग सहकार्य गर्न सक्नेछ ।

(२) स्थानीय समुदाय र संस्कृतिमा आधारित श्रव्यदृश्य वा सूचनामूलक कार्यक्रम तथा सञ्चार सामाग्री सञ्चार प्रतिष्ठानबाट उत्पादन तथा वितरण गर्न सक्नेछ ।

(३) प्रतिष्ठानले आफ्ना समाचार तथा सूचनामूलक कार्यक्रम वा सञ्चार सामग्रीहरू अन्य सरकारी तथा सार्वजनिक समाचार संस्थाहरूको समाचार तथा सूचनामूलक कार्यक्रम वा सामग्रीसँग सहकार्यमा आदानप्रदान गर्न तथा उत्पादन गर्न सक्नेछ ।

## परिच्छेद-७
## विज्ञापन नियमन, व्यवस्थापन र प्रवर्धन

४५. **बाह्य विज्ञापन नियमन** : (१) महानगरपालिकाले बाह्य विज्ञापन (होर्डिङ बोर्ड, परिचय पाटी तथा अन्य प्रचार) मार्फत कुनै वस्तु वा सेवाको प्रचार कार्यलाई आवश्यकताका विषयका आधारमा नियमन, व्यवस्थापन तथा प्रवर्धन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियमन, व्यवस्थापन र प्रवर्धन गर्न कार्यपालिकाले निर्देशिका जारी गर्न सक्नेछ ।

(३) बाह्य विज्ञापन नियमन र व्यवस्थापनका लागि देहाय बमोजिम विज्ञापन नियमन तथा व्यवस्थापन निर्देशक समिति रहनेछ :

(क) उपप्रमुख, काठमाडौँ महानगरपालिका - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) महानगरपालिकाको प्रवक्ता - सदस्य

(घ) सूचना तथा प्रविधि समिति संयोजक - सदस्य

(ङ) राजस्व समिति संयोजक - सदस्य

(च) विज्ञापन व्यवसायीहरूको प्रतिनिधिमूलक संस्था मध्ये समितिले तोकेको प्रतिनिधि एक - सदस्य

(छ) सूचना तथा प्रविधि विभाग प्रमुख - सदस्य सचिव

(४) महानगरपालिकामा अभिलेखन भएका सञ्चार माध्यमहरूमा हुने वा भएका विज्ञापनहरूको प्रचलित संघीय कानुन बमोजिमका मापदण्ड पूरा गरे नगरेको विषयमा अनुगमन गर्ने गराउने कार्य उपदफा (३) बमोजिमको निर्देशक समितिको कार्यक्षेत्र भित्र हुनेछ ।

(५) उपदफा (३) बमोजिमको निर्देशक समितिको अन्य काम, कर्तव्य, अधिकार र दायित्व तथा सञ्चालन कार्यविधि तोकिए बमोजिम हुनेछ ।

४६. **विज्ञापन व्यवस्थापन र वितरण** : (१) महानगरपालिकाबाट विभिन्न सञ्चार माध्यमहरूमा गरिने विज्ञापनहरू एकद्वार प्रणालीबाट प्रवाह गरिनेछ ।

(२) महानगरपालिकाबाट स्थानीय सञ्चार माध्यमका रूपमा इजाजत लिएका वा अभिलेखन भएका सञ्चार माध्यमहरूलाई तोकिए बमोजिमको वर्गीकरण मापदण्डका आधारमा विज्ञापन वितरण गरिनेछ ।

(३) उपदफा (२) बमोजिम विज्ञापन उपलब्ध गराउँदा महानगरपालिकाका गतिविधि र महानगर क्षेत्रभित्रका जनचासोका विषयलाई प्राथमिकता दिने सञ्चारका माध्यमहरूलाई प्राथमिकता दिइनेछ ।

(४) महानगर क्षेत्रभित्रबाट स्थानीय नेपाल भाषामा प्रकाशन तथा प्रसारण भइरहेका सञ्चार माध्यमहरूलाई महानगरपालिकाको विज्ञापनमा प्राथमिकता दिइनेछ ।

(५) महानगरपालिकाका विज्ञापनहरू स्थानीय भाषामा गर्न सकिनेछ ।

४७. **लोककल्याणकारी विज्ञापन वितरण** : महानगरपालिकाले स्थानीय सञ्चार माध्यमहरूबाट जनचेतना र शिक्षामूलक लोककल्याणकारी विज्ञापन तर्जुमा, उत्पादन र वितरण गर्न सक्नेछ ।

४८. **विज्ञापन सङ्कलन, प्रकाशन र प्रसारण** : (१) महानगरपालिकाबाट प्रसारण हुने टेलिभिजन र एफएम रेडियो, प्रकाशन हुने पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमहरूमा व्यवसाय प्रवर्धन गर्ने विज्ञापनहरू सङ्कलन, प्रकाशन, प्रसारण र प्रवाह गरिनेछैन ।

(२) उपदफा (१) बमोजिमका सञ्चार माध्यमहरूमा शिक्षा, स्वास्थ्य, विपद व्यवस्थापन लगायतका क्षेत्रमा जनचेतना अभिवृद्धि गर्ने शिक्षाप्रद, लोककल्याणकारी जानकारीहरू तथा सार्वजनिक हितका सूचनाहरू विज्ञापनका रूपमा सङ्कलन र प्रवाह गरिनेछ ।

(३) उपदफा (२) बमोजिम गरिने विज्ञापनबाट हुने आम्दानी छुट्टै खातामा राखी महानगरपालिकाका सञ्चार माध्यमहरू तथा अन्य स्थानीय आमसञ्चार क्षेत्रको प्रवर्धन र विकासमा खर्च गरिनेछ ।

## परिच्छेद-८
## सूचनाको हक कार्यान्वयन गर्ने गराउने

४९. **महानगरपालिकाको दायित्व** : (१) संविधानको धारा २७ मा मौलिक हकको रूपमा उल्लेखित नेपाली नागरिकको सूचनाको हक प्रचलन गर्न गराउन महानगरपालिकाको देहाय बमोजिम दायित्व हुनेछ :

(क) महानगरपालिकाअन्तर्गतका कार्यालयहरू तथा महानगरपालिकाको नियमन क्षेत्रभित्रका निकायले सार्वजनिक महत्वका सूचनाको हकको प्रचलन, प्रबर्धन र संरक्षण गर्ने गराउने,

(ख) महानगरपालिकाअन्तर्गतका कार्यालय तथा महानगरपालिकाको नियमन क्षेत्रभित्रका निकायले आफ्नो निकायको कार्य सम्पादन अन्तर्गतका सार्वजनिक महत्वका सूचनाहरू अद्यावधिक गरी सकेसम्म छिटो ती सूचनाको स्वतः प्रकाशन, प्रवाह तथा प्रसारण गराउने,

(ग) खण्ड (ख) बमोजिम सूचना स्वतः प्रकाशन, प्रवाह, तथा प्रसारण गर्दा स्थानीय भाषा र सञ्चार माध्यमलाई प्राथमिकता दिने,

(घ) सूचनाको हकको प्रचलनलाई प्रभावकारी बनाउन महानगरपालिकाले महानगरपालिका अन्तर्गतका

कर्मचारी, विभिन्न निकायका कर्मचारी तथा महानगरपालिकाका नागरिकका लागि तालिम, प्रशिक्षण तथा जनचेतनामूलक कार्य गर्ने गराउने ।

५०. **सूचना अधिकारीको व्यवस्था :** (१) महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले आफूपछिको जिम्मेवारीमा रहेका कर्मचारीहरू मध्येबाट एक जना कर्मचारीलाई महानगरको सूचना अधिकारी तोक्नु पर्नेछ ।

(२) महानगरपालिकाका नियमन क्षेत्राधिकारभित्रका निकायमा सूचनाको हक कार्यान्वयन गर्न र सूचना अधिकारी तोक्न लगाउने दायित्व महानगरको सूचना अधिकारीको हुनेछ ।

(३) कार्यपालिकाअन्तर्गतका विभिन्न विभाग र वडा कार्यालयहरूमा सम्बन्धित कार्यालयको प्रमुख वा निजपछि दोस्रो जिम्मेवारी रहेको कर्मचारीलाई ‘सहायक सूचना अधिकारी’ तोक्नु पर्नेछ ।

(४) महानगरपालिकाका सूचना अधिकारीले महागर क्षेत्रभित्रका अन्य निकायका सहायक सूचना अधिकारीलाई यो ऐन बमोजिमको दायित्व कार्यान्वयनका लागि आवश्यक आदेश दिन सक्नेछ ।

(५) महानगरका सूचना अधिकारी र सहायक सूचना अधिकारीहरूको मासिक बैठक गरी सूचना व्यवस्थापनमा गरिएका आपसी अनुभव आदानप्रदान गर्ने तथा समस्या समाधानका लागि निर्णय लिनु पर्नेछ ।

(६) सूचना अधिकारीलाई नियमित सूचना, तथ्याङ्क र जानकारी उपलब्ध गराउनु महानगरपालिकाका सचिवालय, विभाग, वडा कार्यालय तथा सम्बद्ध अन्य कार्यालयका प्रमुखहरूको कर्तव्य हुनेछ ।

५१. **प्रचलित कानुन बमोजिम हुने** : सूचनाको स्वतः प्रकाशन, सूचना माग, सूचना उपलब्ध गराउने, उजुरी, पुनरावेदन तथा शुल्क र जरिवाना तथा सजायसम्बन्धी व्यवस्था र प्रक्रिया सूचनाको हक सम्बन्धी प्रचलित संघीय र प्रदेश कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-९

## सूचना अभिलेख तथा तथ्याङ्क व्यवस्थापन

**५२. तथ्यांक सङ्कलन गर्न सकिने :** (१) महानगरपालिकाले आफूलाई आवश्यकपर्ने तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, भण्डारण र वितरण गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिम तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, भण्डारण र वितरण कार्य प्रचलित संघीय तथ्याङ्कसम्बन्धी कानुनले निर्धारण गरेको राष्ट्रिय मानक र गुणस्तरको मापदण्ड पालना गर्नुपर्नेछ ।

(३) महानगरपालिकाले उपदफा (१) बमोजिम तथ्याङ्क सङ्कलन गर्ने क्रममा सार्वजनिक आह्वान गर्नुपर्नेछ । यसरी गरिएको आह्वानअनुसार तथ्याङ्क सङ्कलकलाई आफ्नो तथ्याङ्क दिनु महानगर क्षेत्रभित्र बसोबास तथा व्यवसाय गर्ने व्यक्ति तथा संस्थाको कर्तव्य हुनेछ ।

**५३. तथ्यांक भण्डारण** : (१) सङ्कलित सूक्ष्म कोरा तथ्याङ्कको भण्डारण खुला तथ्याङ्कको मान्यताअनुरूप पुनःप्रयोग र पुनःवितरण गर्न सक्ने ढाँचामा प्रविधिमैत्री र प्रयोगकर्तामैत्री स्वरूपमा गर्नुपर्नेछ ।

(२) तथ्याङ्कहरू विद्युतीय अभिलेखमा राख्नुपर्नेछ ।

**५४. तथ्यांक वितरण र पहुँच** : (१) संङ्कलित तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजा प्रकाशन र वितरण सहज, सरल र प्रयोगकर्तामैत्री हुने गरी गर्नुपर्नेछ ।

(२) महानगरले सङ्कलन गरेको प्रशोधित, अर्ध प्रशोधित वा सूक्ष्म कोरा तथ्याङ्कमा विद्युतीय वा अन्य माध्यमबाट पूरै वा आंशिक पहुँच उपलब्ध गराउन सकिनेछ ।

(३) तथ्याङ्कमा पहुँच उपलब्ध गराउने विधि तथा प्रक्रिया प्रचलित सूचनाको हकसम्बन्धी कानुन बमोजिम हुनेछ ।

**५५. राष्ट्रिय र प्रदेश तथ्यांक प्रणालीमा आबद्धता** : महानगरपालिकाले सङ्कलन गरेका तथ्याङ्कलाई राष्ट्रिय र प्रदेश तथ्याङ्क प्रणालीमा आवद्ध गर्न सकिनेछ ।

**५६. खुला तथ्याङ्क कार्ययोजना :** महानगरपालिकाले महानगर खुला तथ्याङ्क कार्ययोजना र कार्यविधि जारी गर्न सक्नेछ ।

**५७. तथ्याङ्क आदानप्रदान** : महानगरले सङ्कलन, प्रशोधन र भण्डारण गरेका तथ्याङ्कहरू देशका अरु नगरपालिकाहरूलाई प्रदान गर्न र अन्य स्थानीय तहहरूले सङ्कलन, प्रशोधन र भण्डारण गरेका तथ्याङ्कहरू महानगरपालिकाको प्रयोजनका लागि लिन सक्नेछ ।

**५८. तथ्याङ्कको अन्तरआबद्धता** : महानगरपालिकाले महानगर क्षेत्रभित्रका विभिन्न विभाग तथा वडा कार्यालयहरू बिचमा तथ्याङ्कको अन्तर आवद्धताको प्रणालीलाई प्राविधिक रूपमा सबल बनाउनेछ ।

**५९. तथ्याङ्कमा आधारित नवप्रवर्तन** : महानगरले तथ्याङ्कको प्रयोग र प्रसारमा निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहित गर्न नवप्रवर्तनका योजनाहरू सञ्चालन गर्नेछ ।

**६०. तथ्याङ्क व्यवस्थापन शाखा :** तथ्याङ्क व्यवस्थापनसम्बन्धी कार्य गर्न गराउन शाखा रहनेछ ।

**६१. सीसी टिभी जडान तथा डाटा सुरक्षा** : (१) महानगरपालिका क्षेत्रभित्रका आवास, व्यवसाय, सार्वजनिक निकाय, स्थान वा क्षेत्रमा सीसीटिभी जडान गर्दा प्रचलित कानुन बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(२) महानगर क्षेत्रभित्रका निकायहरू तथा महानगरपालिका अन्तर्रगतका निकायहरूले जडान गरेका सिसिटिभीका डाटाहरूको व्यवस्थापन तथा विभिन्न समुदाय स्तरमा जडान गरिएका वा गरिने सिसिटिभीहरूको सञ्चालन र तीनमा सङ्कलित डाटाहरूको सुरक्षाका लागि तोकिए बमोजिम कार्यविधि हुनेछ ।

(३) महानगर क्षेत्रभित्रका सार्वजनिक स्थान वा निकायका कार्यालय वा सडक वा चोक वा धार्मिकस्थल वा शैक्षिक संस्था वा स्वास्थ्य संस्था वा व्यवसायिक स्थान वा अन्य संघसंस्थाहरूले सीसी टिभी जडान गरिएको वा गरिने भएको भए सोको जानकारी तोकिए बमोजिमको ढाँचामा विभागलाई दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमका सिसिटिभीका डाटाहरूको भण्डारण वा प्रशोधन वा नष्ट वा अन्य निकायलाई उपलब्ध गराउँदा व्यक्तिगत गोपनीयताको हकसम्बन्धी प्रचलित संघीय कानुन बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद-१०
## कारबाही र सजाय

६२. **जरिवाना तथा सजाय** : (१) दफा ४ बमोजिम प्रसारकले इजाजत नलिई प्रसारण गरेमा सञ्चार रजिष्ट्रारले पाँच हजारदेखि २५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(२) इजाजत लिएर दुई वर्षसम्म प्रसारण नगरी बसेमा वा इजाजतपत्रमा उल्लेखित सर्त विपरित कार्य गरेमा त्यस्तो प्रसारण संस्थालाई दिएको इजाजत स्वतः निष्क्रिय हुनेछ ।

(३) दफा ६ बमोजिम समयमा नवीकरण नगरेमा त्यस्तो सञ्चार संस्थालाई सञ्चार रजिष्ट्रारले पाँच हजारदेखि पच्चिस हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ९ (३) बमोजिम प्रसारण, प्रकाशन र प्रवाह गर्नुपर्ने विषय तथा आदेश पालना नगरेमा त्यस्तो सञ्चारमाध्यमलाई सचेत गराउने तथा महानगरबाट प्रदान गरिने विभिन्न सेवा सुविधा र विज्ञापनबाट वञ्चित गर्न सक्नेछ ।

(५) दफा १७ (१) बमोजिम प्रसारण, प्रकाशन र प्रवाह गर्न नहुने कुरा गरेमा प्रचलित संघीय कानुन बमोजिम कारबाही र सजायका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

(६) यस ऐन बमोजिम महानगरमा अभिलेखन नभएका सञ्चार माध्यमलाई तथा अभिलेखन भएर पनि कर्तव्य पालना नगर्ने सञ्चारमाध्यमलाई महानगरपालिकाले आफूले प्रदान गर्ने सेवा, सुविधाबाट बञ्चित गर्न सक्नेछ ।

(७) दफा ३३ बमोजिम आधिकारिक इमेल तथा दफा ३४ बमोजिम सामाजिक सञ्जालसम्बन्धी प्रावधान परिपालना नगरेमा त्यस्ता पदाधिकारीको हकमा प्रमुखबाट र कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृतबाट सम्बन्धित पदाधिकारी तथा निकायलाई सचेत गराउने वा स्पष्टीकरण सोध्न वा विभागीय कारबाही गर्न सक्नेछ ।

(८) दफा ५१ बमोजिमको सूचना अधिकारीलाई सूचना उपलब्ध गराउनु पर्ने दायित्व पूरा नगरे महानगरपालिकाले सम्बन्धित पदाधिकारी तथा निकायलाई सचेत गराउने वा स्पष्टीकरण सोध्न वा विभागीय कारबाही गर्न सक्नेछ ।

(९) दफा ५१ उपदफा (२) बमोजिम आदेश पालना नगरेमा त्यस्ता निकायलाई महानगरपालिकाबाट दिइने विभिन्न सेवा, सुविधाबाट बञ्चित गर्न र उपदफा ४ बमोजिम आदेश पालना नगरेमा विभागीय कारबाहीका लागि सूचना अधिकारीले सिफारिस गर्न सक्नेछ ।

(१०) दफा ६१ बमोजिम सिसिटिभी तथ्याङ्कको सुरक्षा नगरी गोपनीयता भङ्ग हुन गए विभागका प्रमुखले तत्काल क्षति रोक्न आदेश दिने, सिसिटिभी प्रणाली अवरुद्ध गर्ने तथा त्यस्तो कसुरउपर कारबाहीका लागि संघीय कानुनबमोजिमका निकायहरूलाई सिफारिस गर्नेछ ।

६३. **<u>सफाई तथा पुनरावेदन</u>** : (१) दफा ६२ बमोजिम हुने सजाय वा जरिवाना गर्नुअघि त्यस्तो आरोपितलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्नेछ ।

(२) दफा ६२ बमोजिमको जरिवाना तथा सजायमा चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले ३५ दिनभित्र महानगरपालिकाको न्यायिक समितिसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-११
## विविध

६४. **बौद्धिक सम्पत्तिको पारिश्रमिक तथा सुरक्षा** : (१) महानगरपालिको एफएम रेडियो, टेलिभिजन कार्यक्रमहरू, पत्रपत्रिका, अनलाइन र सामाजिक सञ्जालका प्लेटफर्महरूमा तथा महानगरको प्रवर्धनात्मक गतिविधिमा प्रयोग हुने लेख, विचार, गीत, संगीत, तस्विर, चित्र, सिर्जना आदि बौद्धिक सम्पत्तिका लागि उचित पारिश्रमिक तथा रोयल्टी उपलब्ध गराइनेछ ।

(२) महानगरपालिकाको सञ्चार माध्यमहरूको प्रयोजन तथा महानगरको प्रवर्धनात्मक गतिविधिमा प्रयोग भएका वा गरिने बौद्धिक सम्पत्तिको सुरक्षा गरिनेछ ।

(३) उपदफा (१) बमोजिम पारिश्रमिक तथा रोयल्टी उपलब्ध गराउन प्रतिष्ठानले आवश्यक कार्यविधि बनाउन वा निर्णय गर्न सक्नेछ ।

६५. **साक्षरता अभियान सञ्चालन** : (१) प्रतिष्ठानले महानगरबासीको डिजिटल साक्षरता, मिडिया साक्षरता, साइबर सुरक्षा र तथ्याङ्क (डाटा) साक्षरता अभिवृद्धिका लागि विशेष अभियान र कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका अभियान र कार्यक्रमहरू सञ्चालन गर्न प्रतिष्ठानले सरकारी, गैह्र सरकारी वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ ।

६६. **अधिकार प्रत्यायोजन :** (१) यस ऐन बमोजिम महानगरपालिकाले आफूलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार मातहतको कुनै अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भए गरेका कार्य यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

६७. **<u>नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधि बनाउन सक्ने</u>** : यस ऐनको उद्देश्य प्राप्ति गर्नका लागि महानगरपालिकाले आवश्यक नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधि बनाउन सक्नेछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम काठमाडौं महानगरपालिका नगर सभाको तेह्रौ अधिवेशनबाट स्वीकृत सञ्चार तथा सूचना विधेयक, २०८० प्रमाणीकरण गरिएको छ ।

प्रमाणीकरण मिति : २०८०/०४/११

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**